# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) बुटवल, रूपन्देही, भाद्र ०३ गते, २०७६ साल (अतिरिक्ताङ्क ३१

## भाग २

### प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

प्रदेश नं. ५, संघ संस्था दर्ता नियमावली, २०७६

प्रदेश नं. ५, संघ संस्था दर्ता ऐन, २०७५ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छः-

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यी नियमहरूको नाम "प्रदेश नं. ५, संघ संस्था दर्ता नियमावली, २०७६" रहेको छ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः-

(क) "**ऐन**" भन्नाले प्रदेश नं. ५, संघ संस्था दर्ता ऐन, २०७५ सम्झनुपर्छ ।

(ख) "**मन्त्रालय**" भन्नाले प्रदेश नं. ५ को आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनुपर्छ ।

(ग) "**संस्था दर्ता अधिकारी**" भन्नाले ऐनको दफा १९ बमोजिम मन्त्रालयले तोकेको संघ संस्था दर्ता सम्बन्धी कामकारवाही गर्ने कम्तीमा सातौं तहको अधिकृत सम्झनुपर्छ ।

३. **<u>दर्ताको लागि निवेदनः</u>** (१) ऐन बमोजिम संस्था दर्ता गर्न चाहने व्यक्तिहरूले एकहजार रूपैयाँ दस्तुर सहित मन्त्रालयको संस्था दर्ता अधिकारी समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(२) प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका संस्थाले ऐनको दफा १७ बमोजिम यस नियम अन्तर्गत दर्ता हुन चाहेमा अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

४. **<u>संस्थाको दर्ता र प्रमाण-पत्रः</u>** (१) नियम ३ बमोजिम संस्था दर्ताको निवेदन प्राप्त भएमा संस्था दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी दर्ता गर्न उचित ठानेमा अनुसूची-२ बमोजिमको दर्ता किताबमा संस्था दर्ता गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम संस्था दर्ता गरिसकेपछि अनुसूची-३ बमोजिमको ढाँचामा संस्था दर्ताको प्रमाण-पत्र दिनुपर्नेछ ।

५. **<u>दर्ताको अवधि, नवीकरण र दस्तुरः</u>** (१) नियम ४ बमोजिमको संस्था दर्ताको प्रमाण-पत्र एक आर्थिक वर्षसम्म मात्र बहाल रहनेछ ।

(२) उपनियम (१) बमोजिमको अवधि समाप्त भएको मितिले तीन महिनाभित्र सम्बन्धित संस्थाले दर्ता अधिकारीसमक्ष पाँचसय रूपैयाँ दस्तुर तिरी संस्था दर्ताको प्रमाण-पत्र नवीकरण गराउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको नविकरण गर्ने म्याद नाघेपछि कुनै संस्थाले त्यस्तो म्याद नाघी नवीकरण हुन नसकेको मनासिव कारण देखाई संस्था दर्ताको प्रमाण-पत्र नवीकरणको लागि निवेदन दिन आएमा संस्था दर्ता अधिकारीले उपनियम (२) बमोजिम लाग्ने दस्तुरमा देहाय बमोजिमको थप दस्तुर लिई संस्थाको दर्ता नवीकरण गरी दिन सक्नेछः-

(क) उपनियम (२) बमोजिमको म्याद नाघेपछिको पहिलो तीन महिनाको लागि रू. ५००।- (पाँच सय)

(ख) खण्ड (क) को म्याद नाघेपछि सो वर्षको आषाढ मसान्त सम्मको लागि रू. १०००।- (एक हजार)

(४) उपनियम (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि म्यादभित्र नवीकरण नगराएका संस्थाहरूले संस्था दर्ताको प्रमाण-पत्र नवीकरण हुन नसकेको मनासिव कारण देखाई संस्था दर्ता नवीकरणको लागि निवेदन दिएमा प्रत्येक आर्थिक वर्षका लागि एकहजार रूपैयाँका दरले दस्तुर लिई संस्था दर्ता अधिकारीले त्यस्तो दर्ताको प्रमाण-पत्र नवीकरण गरिदिन सक्नेछ ।

(५) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै संस्थाले बढीमा पाँच वर्षसम्मको लागि एकै पटक दर्ताको प्रमाण-पत्र नवीकरण गर्न निवेदन दिन आएमा संस्था दर्ता अधिकारीले त्यस्तो संस्थाले गरी आएको कामको प्रकृति र अवस्था हेरी प्रत्येक वर्षको लागि पाँच सय रूपैयाँ दस्तुर लिई एकै पटक पाँच वर्षसम्मको लागि संस्था दर्ताको प्रमाण-पत्र नवीकरण गरिदिन सक्नेछ ।

(६) दर्ताको प्रमाण-पत्र नवीकरण गर्ने संस्थाले निवेदन दिंदा कार्य समितिका पदाधिकारीहरूको नामावलीका साथै ऐनको दफा १७ बमोजिमको विवरण समेत अनिवार्य रूपमा पेश गर्नुपर्नेछ ।

(७) उपनियम (३) र (५) बमोजिम दर्ताको प्रमाण-पत्र नवीकरण गरेका संस्थाहरूसम्बन्धी विवरण संस्था दर्ता अधिकारीले दुरूस्त राख्नुपर्नेछ र प्रत्येक आर्थिक वर्षको अन्त्यमा सो विवरण मन्त्रालयको सचिव समक्ष पेश गर्नुपर्नेछ ।

(८) संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भई कामकारवाही गरिआएका संघ संस्थाले यस ऐनको दफा १७ बमोजिम

पुनः दर्ता हुन आउने भएमा दफा ५ बमोजिम नवीकरण समेत गर्नेगरी दर्ताका लागि निवेदन दिनु पर्नेछ ।

(९) उपनियम (८) बमोजिम दर्ता र नवीकरण गर्दा उपनियम (३) र (४) बमोजिम लाग्ने दस्तुर समेत दाखिला गर्न लगाई नवीकरण गर्नुपर्नेछ ।

६. **संस्था दर्ता अधिकारीको काम, कर्तव्य र अधिकारः** संस्था दर्ता अधिकारीलाई संस्था दर्ता सम्बन्धमा ऐनमा उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त देहाय बमोजिमका काम, कर्तव्य र अधिकार हुनेछः

(क) संस्था दर्तासँग सम्बन्धित निवेदन संकलन गर्ने ।

(ख) प्रचलित कानून बमोजिम दर्ता हुन योग्य छ छैन जाँच गरी सोही बमोजिम निर्णय गर्ने ।

(ग) दर्ता हुन आएका संस्थाको रित नपुगेको भए सोसम्बन्धी कुरा रित पुऱ्याउन निवेदकलाई निर्देशन दिने।

(घ) कानून बमोजिम दर्ता गर्न नमिल्ने संस्थाको दर्तासम्बन्धी निवेदन दरपीठ गर्ने वा निवेदकलाई के कुन कारणले दर्ता गर्न नमिल्ने हो सोको जानकारी दिने ।

(ङ) दर्ता भएका संस्थालाई दर्ता प्रमाण-पत्र प्रदान गर्ने ।

(च) संस्था दर्ता अधिकारी समक्ष दर्ता भएका संस्थाको अनुगमन निरीक्षण गरी प्रचलित कानून बमोजिम काम कारवाही भए नभएको जाँच गरी आवश्यक निर्देशन दिने एवम् कारवाही गर्ने।

(छ) संस्था दर्तासम्बन्धी भैपरी आउने अन्य सम्पूर्ण कार्य गर्ने ।

७. **<u>अनुगमन तथा निरीक्षणः</u>** यस ऐन बमोजिम दर्ता भएमा संस्थाको अनुगमन तथा निरीक्षण मन्त्रालय र सरोकारवाला निकायबाट हुनेछ ।

८. **<u>अभिलेख र अभिलेखीकरणः</u>** ऐनको दफा ४ को उपदफा (६) बमोजिम स्थानीय तहमा सूचीकृत हुने संस्थाको अभिलेख स्थानीय तह आफैंले निर्धारण गरे बमोजिमको ढाँचामा राख्नुपर्नेछ ।

९. **<u>दस्तुर असुल गर्नसक्नेः</u>** संस्था दर्ता अधिकारीले ऐनको दफा १० बमोजिम कुनै संस्थाको आय व्यय जाँच गर्नु परेमा सो वापत लाग्ने खर्च बराबर हुन आउने दस्तुर सम्बन्धित संस्थाबाट असुल गर्न सक्नेछ ।

अनुसूची-१

(नियम ३ सँग सम्बन्धित)

**निवेदनपत्रको ढाँचा**

श्री संस्था दर्ता अधिकारी,

............................

महोदय,

हामीले ............................... सम्बन्धी संस्था खोल्न चाहेकोले प्रदेश नं. ५, सघं संस्था दर्ता ऐन, २०७५ बमोजिम संस्था दर्ता गर्नका लागि देहायको विवरण खोली निवेदन गरेका छौं । प्रस्तावित संस्थाको विधानको एकप्रति पनि यसैसाथ संलग्न गरिएको छ ।

विवरण

१. संस्थाको नामः-

२. संस्थाको प्रमुख उद्देश्यहरूः-

(क)

(ख)

(ग)

३. संस्थाका सहायक उद्देश्यहरूः-

(क)

(ख)

(ग)

४. प्रबन्ध समितिका सदस्यहरूको

| <u>नाम</u> | <u>ठेगाना</u> | <u>पेशा</u> |
|---|---|---|
| (क) | | |
| (ख) | | |

५. आर्थिक स्रोतः-

६. कार्यालयको ठेगानाः-

मितिः-

भवदीय,

पदाधिकारीहरूको नामः

अनुसूची-२

(नियम ४ सँग सम्बन्धित)

**दर्ता किताबको ढाँचा**

संस्थाको दर्ता किताब

| दर्ता नं. | दर्ता मिति | | | संस्थाको नाम र ठेगाना | संस्थाको उद्देश्य | संस्थाको पदाधिकारी एवम् सदस्यहरूको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | साल | महिना | गते | | | | |
| | | | | | | | |

अनुसूची-३

(नियम ४ सँग सम्बन्धित)

<u>प्रमाण-पत्रको ढाँचा</u>

संस्था दर्ताको प्रमाण-पत्र

श्री अध्यक्ष/सचिव

......................।

...................................... (संस्थाको नाम) प्रदेश नं. ५ सघं संस्था दर्ता ऐन, २०७५ को दफा ५ बमोजिम ............ साल.................. महिना......... गतेमा ............................................. उद्देश्यका लागि दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ ।

संस्था दर्ता अधिकारीको सहीः-

पूरा नामः-

दर्जाः-

कार्यालयः-

**नोटः प्रत्येक आ.व समाप्त भएको मितिले ३ महिनाभित्र संस्था नवीकरण गरी सक्नुपर्नेछ ।**

नवीकरण

| नवीकरण गरेको मिति | दर्ताको प्रमाणपत्र बहाल रहने अवधि | नवीकरण दस्तुर | संस्था दर्ता अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

**आज्ञाले,**
**शंकरप्रसाद खरेल**
**प्रदेश सचिव**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय